प्रकाशन मितिः २०७२ साल मंसिर



# बालबालिका विरूद्ध हुने यौन हिंसा

## बालबालिका विरूद्ध हुने यौन हिंसा सम्बन्धी सरोकारहरू

विश्वभरि नै बालबालिका विरूद्ध हुने हिंसाका विभिन्न स्वरूपहरूमध्ये यौन दुर्व्यवहार वा हिंसा एक प्रमुख सवालको रूपमा रहेको छ । सन् २००२ मा डब्लु. एच. ओ. ले प्रकाशित गरेको एक प्रतिवेदन अनुसार विश्वका १८ वर्षमुनिका १५० मिलियन बालिका र ७३ मिलियन बालकहरू जबर्जस्ती करणी वा अन्य प्रकारको शारीरिक यौन हिंसाको शिकार हुने गरेको अनुमान गरिएको छ (पिइहिईरो, २००६) । नेपालको सन्दर्भमा करिब ३३.५ प्रतिशत बालबालिकाले नन्कन्ट्याक्ट प्रकृतिको यौन हिंसाको अनुभव गरेका छन् भने १८ प्रतिशत बालबालिका कन्टयाक्ट प्रकृतिको यौन हिंसाको शिकार भएका छन् (युनिसेफ, २००५) । विद्यालय बाहिर रहेका घरेलु श्रमिक बालबालिकामध्ये करिब ५६ प्रतिशत यौन हिंसावाट पीडित भएको तथ्याङ्कले देखाएको छ (सिविस, २००५) । त्यसै गरी, नेपालमा बालबालिका तथा किशोर-किशारीहरू विद्युतीय सञ्चार माध्यम तथा सामाजिक सञ्जालका माध्यमबाट यौन हिंसामा पर्ने गरेको प्रतिवेदनमा सिविनले प्रकाशित गरेको छ ।

यद्यपि बालबालिका विरूद्ध भएका विभिन्न स्वरूपका यौन हिंसाका बारेमा प्रष्ट तथ्याङ्कमा नदेखिए पनि सन् २०१४/०१५ (वि.सं. २०७०/०७१) मा ९१२ जबर्जस्ती करणी तथा ४१४ जबर्जस्ती करणीको उद्योग सम्बन्धी मुद्दा नेपाल प्रहरीमा दर्ता भएका छन् । माथि उल्लिखित तथ्याङ्कले नेपालमा बालबालिका विरूद्ध हुने यौन हिंसाको तस्बिरलाई उजागर गरेको छ ।

एकातिर बालबालिकाहरू यौन हिंसाका शिकार भएका छन् भने अर्कोतिर जबर्जस्ती करणी र अन्य यौनजन्य कसुरमा बालबालिकाको न्यायमाथिको पहुँच एकदम कमजोर देखिन्छ । खासगरी यौन हिंसा सम्बन्धी वर्तमान कानुनमा रहेका कमिकमजोरीका कारण पनि पीडित बालबालिकाहरू न्यायको पहुँचमा पुग्न सकिरहेका छैनन् ।

यस विषयलाई मनन् गरेर विधायिकी संसदमा दर्ता भएको फौजदारी संहिताको परिच्छेद १८ ले करणी सम्बन्धी कसुरको छुट्टै व्यवस्था गरेको छ । प्रस्तावित व्यवस्थाले मन्जुरी लिएर भए पनि अठार वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जवर्जस्ती करणी गरेको मानिने व्यवस्था गरेको छ । यसका अतिरिक्त हाडनातामा करणी गर्न नहुने, थुनामा रहेको व्यक्तिसँग करणी गर्न नहुने, बालबालिकालाई उनको मञ्जुरी बिना यौन दुर्व्यवहार गर्न नहुने लगायतको व्यवस्था गर्नुका साथै, उक्त कार्य गरेमा अपराधको प्रकृति अनुसार सजायको व्यवस्था गरिएको छ ।

प्रस्तावित व्यवस्थालाई विश्लेषण गर्दा उपर्युक्त व्यवस्थाले बालबालिका विरूद्ध हुने यौन हिंसालाई सम्बोधन गर्ने विशेष र विस्तृत व्यवस्थाको अभाव रहेको देखाउँदछ । प्रस्तावित ब्यवस्थाले बालबालिका विरूद्ध हुने यौन हिंसालाई सम्बोधन गर्ने व्यवस्था केही हदसम्म गरे तापनि यसले बालबालिकाले भोगेका र बालबालिका विरूद्ध हुने यौन हिंसाका विभिन्न स्वरूपहरूलाई फौजदारी कानुनको दायराभित्र समेट्न सकेको छैन । मुख्य सवाल के हो भने वर्तमान यौन हिंसा सम्बन्धी कानुनले कुनै पनि प्रकारको यौन हिंसा बालबालिकाको शरीर तथा स्वाधीनतामाथिको हस्तक्षेप र आक्रमण हो भन्ने मान्यतालाई आत्मसात गरेको देखिँदैन । खासगरी बालबालिकाले आफूमाथि हुने र भएका यौन हिंसा, उनीहरूको शरीर माथि हुने हस्तक्षेप र आक्रमण विरूद्ध आफैँले प्रतिकार गर्न सक्दैनन् भन्ने मान्यता र अवधारणालाई पनि प्रस्तावित व्यवस्थाले समेट्न सकेको छैन ।

यौन हिंसा लैङ्गिक असमानताको कारण र परिणाम दुवै हो । वास्तवमा यौन हिंसा मानव अधिकारको हनन् हो । यस प्रकारको हिंसा व्यक्तिको आत्मसम्मानपूर्वक बाँच्न पाउने अधिकार, गोपनियताको अधिकार, अमानवीय तथा असम्मानजनक व्यवहार विरूद्धको अधिकार लगायत भेदभाव विरूद्धको अधिकारको सिद्धान्त विपरीत हुनुका

साथै यस्तो हिंसाले यी अधिकारहरू अभ्यास गर्ने हकबाट समेत बञ्चित गर्दछ । यस गम्भीर विषयलाई नेपालको प्रस्तावित कानुनी संरचनाले पूर्ण रूपमा समेट्न सकेको देखिँदैन ।

**बालबालिका विरूद्ध हुने यौन हिंसालाई किन विशिष्ट ढङ्गले सम्बोधन गर्न आवश्यक छ ?**

बालबालिका विरूद्ध हुने यौन हिंसालाई विशिष्ट ढङ्गले सम्बोधन गर्नुपर्ने कारणहरू देहाय अनुसार छन्ः

१. नेपालको संविधान, २०७२ को धारा ३९ (६) ले कुनै पनि "बालबालिकालाई कुनै पनि माध्यम वा प्रकारले दुर्ब्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।" भनी ब्यवस्था गरेको छ । त्यसैगरी, धारा ३९ (८) ले प्रत्येक बालबालिकालाई बाल न्यायको हक हुने ब्यवस्था गरेको छ भने सोही धाराको उपधारा (१०) ले उपधारा (६) विपरीतको कार्य कानुन बमोजिम दण्डनीय हुने र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने ब्यवस्था गरेको छ । संविधानको धारा २१ ले अपराध पीडितको हकको ब्यवस्था गरेको छ । उक्त हक बमोजिम प्रत्येक अपराध पीडित बालबालिकालाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने हक हुने लगायत अपराध पीडितलाई कानुन बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुनेछ । अतः संविधानमा ब्यवस्थित बालबालिकाका मौलिक हक सम्बन्धी ब्यवस्थालाई ब्यवहारमा कार्यान्वयन गरी मौलिक हकलाई सुनिश्चित गर्न आवश्यक छ ।

## मौलिक हक सम्बन्धी ब्यवस्था

**धारा २१, अपराध पीडितको हक :** (१) अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने हक हुनेछ ।

(२) अपराध पीडितलाई कानुन बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुनेछ ।

**धारा २७ सूचनाको हक :** प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना पाउने हक हुनेछ ।

**धारा ३९ (६) बालबालिकाको हक :** कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्ब्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।

**धारा ५१ (ञ) (५) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति :** बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने ।

**धारा ५१ (ट) (१) न्याय र दण्ड ब्यवस्था सम्बन्धी नीति :** न्याय प्रशासनलाई छिटो छरिटो, सर्वसुलभ, मितब्ययी, निश्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने ।

२. बालबालिकामाथि हुने यौन हिंसा आफैँमा भिन्न र आफ्नै प्रकृतिको रहेको कारणले यसको सामाजिक, राजनैतिक, आर्थिक तथा कानुनी प्रभाव पनि फरक हुने निश्चित छ । त्यसकारण, उमेर पुगेका ब्यक्तिलाई हुने यौन हिंसाको प्रकृतिभन्दा बालबालिकामाथि हुने यौन हिंसाको प्रकृति भिन्न समेत हुने भएकोले यसलाई ठूलालाई हुने अपराधबाट अलग्याएर सम्बोधन गर्न आवश्यक छ ।

३. बालबालिकामाथि हुने यौन हिंसा अर्न्तगत जबर्जस्ती करणी, जबर्जस्ती करणीको उद्योग तथा मञ्जुरी बिना गरिएको यौन दुर्ब्यवहारलाई मात्र समेटिएको देखिन्छ । बालबालिकाले भोगेका र अनुभव गरेका यौन हिंसाका स्वरूप र प्रकार, ठुला विरूद्ध हुने यौन हिंसाको प्रकृति, स्वरूप, प्रकार र यसको परिणाम सामाजिक, राजनैतिक तथा आर्थिक रूपमा फरक हुन्छ भन्ने मान्यता र यर्थाथलाई सम्बोधन गरी यौन शोषण, यौन उत्पीडन, युद्धको हतियारको रूपमा प्रयोग गरिने बालबालिकामाथिको यौन हिंसा, बाल विवाह भित्र हुने यौन सम्बन्ध लगायतका विषयलाई समेटेर फौजदारी कानुनको दायराभित्र ल्याउन आवश्यक छ ।

४. यस सन्दर्भमा बालबालिका विरूद्ध हुने हिंसाका सम्बन्धमा संयुक्त राष्ट्रसंघको स्वतन्त्र विशेषज्ञद्वारा तयार गरिएको विश्व प्रतिवेदन (२००६) ले विशेष गरी राज्य पक्षलाई यस प्रकारको हिंसाबाट पीडित बालबालिकालाई उचित किसिमले न्यायको पहुँचमा पुऱ्याउन तथा बालबालिकाको संरक्षणको अधिकार परिपूर्ति गर्न आवश्यक ब्यवस्था गर्न सुझाव दिएको छ ।

५. बालबालिकाले भोगेका यौन हिंसाका विभिन्न स्वरूपलाई फौजदारी कानुनको दायराभित्र ल्याउने र त्यस बमोजिम सजायको ब्यवस्था तथा पीडित बालबालिकाको हक स्थापित गरी पीडितको न्याय र न्यायमा पहुँचको अधिकारलाई सुनिश्चित गर्न सारभूत तथा कार्यविधिगत ब्यवस्था, संरक्षणको विशेष ब्यवस्था, प्रमाण संकलन प्रक्रिया, अदालती ब्यवस्था र अपराधको प्रकृति एवं परिणामको आधारमा यसको गाम्भीर्य निर्धारण गरी सजायको ब्यवस्था गर्ने, स्वास्थ्य परीक्षणजस्ता विषयहरू ठूलालाई गरिनेभन्दा फरक हुने भएकोले पनि बालबालिका विरूद्ध हुने यौन हिंसालाई सम्बोधन गर्न पर्याप्त कानुनी संरचना तयार गर्न आवश्यक छ ।

६. नेपाल बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको पक्ष राष्ट्र भएकोले नेपालले अन्तर्राष्ट्रिय तहमा ब्यक्त गरेका प्रतिबद्धताहरूलाई कार्यान्वयन गर्न राष्ट्रिय कानुनको संरचनाभित्र त्यसलाई प्रतिबिम्बित गर्न आवश्यक छ ।

## प्रस्तावित फौजदारी संहितामा सुधार गर्नुपर्ने पक्षहरू

१. यौन हिंसाका विभिन्न स्वरूपलाई फौजदारी कानुनको दायराभित्र ल्याउनुपर्ने ।

**बलात्कार तथा वैवाहिक बलात्कार :** पीडकले यौन अङ्गले वा कुनै वस्तु वा शरीरको कुनै भागले बलजफ्ती शक्तिको प्रयोग, शक्ति प्रयोगको धम्की, दबाव, दबावपूर्ण वातावरणको फाइदा लिई, अथवा कुनै सहमति दिन नसक्ने अवस्थामा रहेको व्यक्ति विरूद्ध निजको शरीरको कुनै भागमा आक्रमण/हस्तक्षेप गर्नु वा पीडितको गुद्द्वार अथवा प्रजनन् अङ्ग खुला गराउनु (अन्तर्राष्ट्रिय फौजदारी अदालत, मिति) ।

बाल यौन दुर्व्यवहार : यौन सन्तुष्टीका लागि बालबालिकाको प्रयोग गरेर गरिने यौन सन्तुष्टीको कुनै पनि कार्य, बालबालिकासँग गरिने कुनै पनि किसिमको यौन सम्बन्ध/कुराकानी, शक्ति अथवा असमान अवस्था अथवा बलजफ्ती अवस्थाद्वारा गलत मनसायले छुने लगायतका कार्य वा सो गर्ने धम्की ।

**यौन शोषण :** यौन उद्देश्य प्राप्तिका लागि कुनै पनि जोखिम अवस्थामा रहेका, आफ्नो मातहतमा रहेका असमान सामर्थ्य भएका ब्यक्तिहरू वा विश्वासको दुरूपयोग गर्ने कार्यहरू। अर्काको यौन शोषणबाट तत्काल वा सामाजिक वा राजनीतिक हिसाबले फाइदा लिने क्रियाकलाप । यौन शोषण कार्य व्यक्तिलाई ओसारप्रसार गर्ने उद्देश्यहरूमध्येको एक हो (यौनसम्बन्धी व्यवहार गर्ने, जबर्जस्ती नङ्ग्याउने र/वा नग्नता, जबर्जस्ती विवाह, जबर्जस्ती बच्चा पाउन लगाउने कार्य, यौन सम्बन्धी वा वेश्यावृत्ति कार्यमा संलग्न गराउने, कुनै वस्तु, सेवा, सहायता, फाइदाका लागि जबर्जस्ती यौन कार्य गराउने, यौन दासी बनाउने) ।

जबर्जस्ती वेश्यावृत्ति (यसलाई यौन शोषणको रूपमा पनि लिइन्छः) : भौतिक स्रोत, सेवा तथा सहयोगको आदानप्रदानको लागि अक्सर गरेर आफ्नो वा आफ्ना छोराछोरीका लागि आधारभूत मानवीय आवश्यकता पूरा गर्न नसक्ने अवस्थामा रहेका ब्यक्ति अथवा बालबालिकाहरूलाई लक्षित गरेर बलपूर्वक वा जबर्जस्ती यौन व्यापारमा लगाइने कार्य ।

**यौन उत्पीडन :** कसैको पनि इच्छा विपरित पटक पटक एकतर्फी रूपमा यौनजन्य किसिमले आकर्षित गर्नु, शारीरिक संसर्गको माग गर्नु वा सो चाहना परिपूर्तिका लागि शाब्दिक वा शारीरिक यौनजन्य आचरण देखाउने, नग्न वा अश्लील श्रब्यदृश्य देखाउने जस्ता क्रियाकलापद्वारा रोजगारीको सम्बन्धमा असर पुऱ्याउने वा असुरक्षा, त्रास र शत्रुतापूर्ण वातावरण श्रृजना गर्ने ।

**युद्धको हतियार र यातनाको रूपमा यौन हिंसा :** पीडित वा तेस्रो ब्यक्तिबाट सूचना वा सहमति लिन र राष्ट्रिय, जातीय वा धार्मिक समूहलाई पूरै वा केही हदसम्म धम्क्याउने वा तहस नहस पार्ने प्रयोजनले कुनै प्रकारको यौनजन्य कार्य गरेर वा धम्की दिएर गम्भीर किसिमको

मानसिक वा शारीरिक पीडा पुऱ्याउने मानवता विरूद्धको अपराध ।

२. यौन हिंसा पीडित बालबालिकालाई न्यायको पहुँचमा ल्याउन बालमैत्री कार्यविधि कानुनको ब्यवस्था गर्ने ।

३. यौन हिंसा पीडित बालबालिकाको मानव अधिकार प्रत्याभूति गर्न, निःशुल्क स्वास्थ्य सेवा, सामाजिक मनोविर्मश, कानुनी सहायता, सामाजिक पुनःस्थापना र क्षतिपूर्तिको ब्यवस्था सुनिश्चित गर्ने ।

४. अनुसन्धान तथा मुद्दाको शुरू कारबाहीदेखि अन्तिम किनारा नहुन्जेलसम्मको कारबाही सम्बन्धी जानकारी पाउने हक सुनिश्चित गर्न आवश्यक कार्यविधिगत तथा संरचनागत ब्यवस्था गर्ने ।

५. बालमैत्री न्यायको ब्यवस्था गर्न बालमैत्री फौजदारी कार्यविधिको ब्यवस्था गर्ने ।

६. प्रमाण सङ्कलन तथा अनुसन्धान सम्बन्धी विशेष ब्यवस्था गर्ने । उदाहरणका लागि बालबालिकाहरू यौन दुर्ब्यवहार तथा यौन शोषण, उत्पीडनवाट पीडित हुन् वा होइनन् भन्ने विषय निर्क्योल गर्न विशेषज्ञको रायलाई मान्यता दिने र प्रमाणमा लिन सक्ने ब्यवस्था गर्ने । विशेषगरी, यौन हिंसा पीडित बालबालिकाको ब्यवहार, आचरण र हाउभाउका सम्बन्धमा विशेषज्ञद्वारा गरिएको निरिक्षण प्रतिवेदन, अन्य तथ्यहरूका सम्बन्धमा सम्बन्धित विशेषज्ञहरूद्वारा दिएको सुझाव प्रमाणको रूपमा ग्रहण गर्न खुला गर्नुपर्ने ।

७. यौन हिंसाका बारेमा कतिपय अवस्थामा बालबालिकाले भिन्न ढङ्गले कथाका रूपमा ब्यक्त गर्ने र कतिपय अवस्थामा आश्चर्यजनक कुराहरू पनि ब्यक्त गर्ने हुनाले त्यसो किन भनियो भन्ने सम्बन्धमा मनोविमर्शकर्ता वा मनोचिकित्सकहरूको राय र विचारलाई प्रमाणको रूपमा ग्रहण गर्ने ब्यवस्था गर्ने । मनोचिकित्सक र सामाजिक कार्यकर्ताले पनि विशेषज्ञको रूपमा प्रमाण पेश गर्नसक्ने ब्यवस्था गर्ने ।

८. बालबालिकाले दिएको सहमतिलाई पीडक वा अभियुक्तले आफ्नो बचाउका निमित्त प्रमाणको रूपमा पेश गर्न नसक्ने ब्यवस्था कानुनमा प्रष्ट रूपमा गर्ने ।

९. बालबालिका बिरूद्ध हुने सबै प्रकारका यौन हिंसा सम्बन्धी मुद्दालाई सरकारीवादी मुद्दाको सूचीमा राख्ने तथा शीघ्र सुनवाइको कार्यविधि अन्तर्गत राख्ने ।

१० हाडनाता करनी मात्र नभई विश्वासिलो ब्यक्तिले गरेको यौन हिंसाका सम्बन्धमा पनि कानुनले प्रष्ट ब्यवस्था गर्नुपर्ने । विश्वासिलो ब्यक्तिको परिभाषा पनि कानुनमा प्रष्ट गर्नुपर्ने । उदाहरणका लागि सौतेलो बाबु, आमा, शिक्षक, धर्मपिता-माता, कानुनी संरक्षक, फोष्टर अभिभावक, हजुरबुबा, हजुरआमा, काकाकाकी लगायत बालबालिकाको हेरविचार गर्न राखेको ब्यक्ति, घरेलु कामदार वा अन्य कामदार आदिलाई यस परिभाषाभित्र अटाउन सक्ने गरी फराकिलो परिभाषा गर्ने ।

११. बालबालिकाको गोपनियताको अधिकारको प्रत्याभूतिका निमित्त मुद्दाको अनुसन्धानको चरणदेखि फैसला कार्यान्वयन र त्यसपछिसम्म पनि सुनिश्चित हुने कानुनी ब्यवस्था गर्नुपर्ने ।

बाल न्याय सम्बन्धी नीतिगत सवालमा तयार गरिएको यो जानकारीपत्र विधायक, नीति निर्माता, नागरिक समाज तथा पैरबीकर्ताहरूका लागि बालअधिकारकर्मीहरू तथा सञ्जालहरूको सामूहिक परामर्शबाट तयार पारिएको हो ।

यो जानकारीपत्र हिमाल इनोभेटिभ डेभलपमेन्ट एण्ड रिसर्चद्वारा युनिसेफ, नेपाल कार्यालयको आर्थिक सहयोगमा प्रकाशन गरिएको हो ।

थप जानकारीका लागि :

**हिमाल इनोभेटिभ डेभलपमेन्ट एण्ड रिसर्च**

बुद्धनगर-१०, काठमाडौं

फोन : ९७७-१-४७८३७९१,

email : hidrnepal@gmail.com

www.hidrnepal.com